Email : pmamp.piu.rautahat@gmail.com
Phone : 055-565078/9855042031

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, रौतहट ।

## आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०२/१३**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, रौतहटको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जोन लागु रहेको क्षेत्र भित्रका लाभग्राहीहरुका लागि अनुदानमा सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार अन्तर्गत थोपा सिंचाई खरिद तथा आपूर्ति कार्यक्रम संचालन गर्नुपर्ने भएको हुनाले यस एकाइको वेबसाईट **www.piurautahat.pmamp.gov.np** मा उपलब्ध गराईएको फर्मेट बमोजिमको प्राविधिक विशिष्टीकरण (Technical Specification) भएको सामग्रीहरुकोहरुको दररेट आवश्यक परेको हुनाले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही उक्त सामाग्रीहरु आपूर्ति गर्न योग्य र ईच्छुक उत्पादक/कम्पनी, आधिकारीक बिक्रेता वा आपूर्तिकर्ताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन (२०७९/०२/१९ गते वा उक्त दिनमा सार्वजनिक विदा पर्न गएको हकमा सोको भोलि पल्टको दिनमा) दिउँसो २ बजे भित्र यस सूचनामा उल्लेखित सम्पूर्ण आवश्यक कागजातहरु संलग्न राखी स्वयम वा प्रतिनिधी मार्फत यस एकाईमा उपस्थिति भई सिलबन्दी दररेट पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**दररेट पेश गर्दा अनिवार्य पेश गर्नु पर्ने कागजातहरु :**

१. दररेट पेश गरिएको भनी रु.१० को टिकट टाँस गरी पेश गरिएको निवेदन ।
२. फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व.२०७७/७८ को कर चुक्ता गरेको प्रमाण प्रतिलिपी ।
३. कारोवार गर्नका लागि प्रदान गरिएको ईजाजत पत्रको प्रतिलिपी ।
४. कालो सुचीमा नरहेको स्व-घोषणा पत्र ।
५. समान प्रकृतिको काम गरेको भएमा सो सम्बन्धि प्रमाण पत्रको प्रतिलिपी ।

**तपसिल :**

१. आपूर्तिकर्ताले दररेट पेश गरेको सामग्रीहरुको क्याटलगहरुको फोटोकपी तथा यस एकाइले तयार पारेको एकाइको वेबसाईटमा उपलब्ध ढाँचा फर्मेटमा प्रस्तावित प्राविधिक स्पेशिफिकेशन सहित पूर्णरुपले तयार गरी अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
२. यस सूचनामा उल्लेख भए बमोजिम अनिवार्य पेश गर्नुपर्ने कागजात संलग्न नभएमा वा दररेट सम्बन्धि विवरण अपूर्ण भएमा वा रित नपुगेको वा म्याद नाघी प्राप्त भएको दररेट प्रस्तावहरु मुल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।
३. दररेट स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस एकाइमा सुरक्षित रहनेछ ।
४. आपुर्तिकर्ताले कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरुको दररेट उल्लेख गर्दा यस एकाइको गरुडा, रौतहट वा जोन क्षेत्र लागु भएको कार्य क्षेत्रभित्र पुर्याउदाको दररेट उल्लेख गर्नुपर्नेछ ।
५. दररेट प्रस्ताव गरिएको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरुमा मु.अ.क. लाग्ने वा नलाग्ने सोको विवरण साथै मु.अ.क.बाहेकको दररेट पेश गर्नुपर्ने छ ।
६. आर्थिक प्रस्तावको पानामा संस्थाको सहि छाप भएको हुनु पर्नेछ ।
७. यस सूचनामा उल्लेख गर्न छुट भएको अन्य शर्त/व्यहोराहरु सार्वजनिक खरिद, २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

नि. बरिष्ठ कृषि अधिकृत